भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भीरकोट,स्याङ्जा
गण्डकी प्रदेश ,नेपाल

## नदि जन्य पदार्थको बिक्रि शुल्क संकलन लागि बोलपत्र आव्हान सम्बन्धी विस्तृत सूचना

(प्रकाशित मिति: २०८०/०९/१९)

यस नगरपालिका क्षेत्रमा रहेको आधिखोला बगरमा निर्धारित मापदण्ड बमोजिम आर्थिक वर्ष २०८०/८१ मा नदिजन्य पदार्थ उत्खनन गरि यस नगरपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ. व २०७९/८० को कर चुक्ता प्रमाणपत्र वा सम्बन्धित आ.रा.का.मा कर विवरण पेश भएको प्रमाण,कानुनी रुपमा योग्य रहेको घोषणापत्र, अख्तियारीनामा र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन् सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै टेण्डर खरिद गर्दा भीरकोट नगरपालिकाको नाममा नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड शाखा बयरघारीमा रहेको खाता न. 17901400000079 र धरौटी नगद दाखिलाका लागि 17901400000031 मा देहायका टेण्डर दस्तुर बापतको रकम दाखिला गर्नु पर्नेछ।

तपशिल

| क्र स | आन्तरिक आय ठेक्का नं. | ठेक्काको नाम | उत्खनन हुने परिमाण (घ.फुट) | न्युनतम बोलपत्र रकम )मु .अ.कर. समेत रु.) | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रु.) | बोलपत्र खोलिने मिति/समय |
|---|---|---|---|---|---|---|---|
| १ | BM/ECMRRBHB/NCB/10/080-81 | रानी रह बगर देखी हेलू बगर सम्म | ५,३२,८०३ | ५४,१८,६०६।५१ | २,७१,००० | ३००० | २०८०/१०/२१ |
| २ | BM/ECMOBJB/NCB/09/080-81 | ओडारे बगर देखी झारखाम मुनि बगर सम्म | ५,७१,०७४ | ५८,०७,८२२।५८ | २,९१,००० | ३००० | २०८०/१०/२१ |

शर्त हरु :

1.Information to deposite the cost of bidding document in Bank.
Name of the Bank:Nepal Investment Mega Bank Ltd
Name off the office Bheerkot Municipality, BheerkotSyangja
Office Account No: 17901400000079

2.Bid Security amount should be deposite at:
Name of the Bank: Nepal Investment Mega Bank Ltd
Name of office :Bheerkot municipality, BheerkotSyangja
Office Account no. 17901400000031

३.बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदाँ सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन एक बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्न सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

४. ठेक्का कबुल अंकको रकम ठेकदारले एकमुष्ठ रकम बुझाएमा १०% छुट हुने छ र बुझाउन नसकेमा र किस्ताबन्दीमा बुझाउनु पर्ने अवस्था रहेमा किस्ता सम्झौता गर्दाको वखत,दोश्रो किस्ता चैत्रमसान्त र अन्तिम किस्ता जेष्ठ मसान्तसम्म बुझाई सक्नु पर्नेछ । किस्ता वन्दीमा रकम बुझाउने सम्झौता गरेमा पहिलो किस्ता नगद र बाकी दुइ किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता

प्रमुख प्रशासकीय अधिकृत

प्राप्त वाणिज्य बैंकको २०८१ साल श्रावण मसान्तर सम्म मान्य अवधि भएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्ने छ ।

| किस्ता | किस्ता बुझाउने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको २० % हुन आउने रकम |
| दोश्रो | २०८० साल चैत्र मसान्तर | कबोल अंकको ४० % हुन आउने रकम |
| तेश्रो | २०८१ जेष्ठ मसान्तर | कबोल अंकको ४० % हुन आउने रकम |

५. ठेक्का कबोल गर्ने व्यक्ति फर्म, संस्था वा कम्पनीले सम्झौता गर्दाको बखत कुल सम्झौता रकमको २० % ले हुन आउने रकम र १३% मु.अ..कर अनिवार्य दाखिला गर्नु पर्ने छ । यसरी संकलित रकम ठेकेदार आफैले आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण नगरकार्यपालिकाको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।उक्त प्रमाण नगरपालिकाको कार्यालयलाई उपलब्ध नभएमा नियमानुसार कारवाही अगाडी बढाईने छ ।

६.तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरि नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ ।यस नगरपालिकाका नदि तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्थानीय सरकारर संचालन ऐन २०७४ यस नगरपालिकाबाट जारी भएका कानुन गण्डकी प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ ।

७.ठेक्का अवधि सम्झौता भएका मिति देखि २०८१ सालको जेष्ठ मसान्त सम्म हुनेछ ।

८. ठेकेदारले नेपाल सरकार तथा भीरकोट नगरपालिकाको कार्यालय बयरघारी स्याङ्जाले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।साथै कार्यालय तथा ठेकेदार बिचको कुनै बिबाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

९.तोकिएको समयमा कार्यालयलाई ठेक्का रकम नबुझाएमा वार्षिक १० (दश) % का दरले हर्जाना सहित असुल उपर गरिने छ ।

१०.ठेकदारले सम्झौता पत्रमा पट्टा पुर्जीमा तोकिएका वस्तुहरुमा मात्र तोकिए वमोजिमको दरमा बिक्रि शुल्क संकलन गर्नुपर्नेछ ।सो भन्दा फरक हुने गरि शुल्क संकलन गरेमा नियमानुसार कारवाही हुनेछ ।

११. प्रचलित नियमानुसार कालो सुचिमा परेको र यस नगरपालिका कार्यालयमा बुझाउनुपर्ने बाकी बक्यौता भएका व्यक्ति फर्म तथा कम्पनिहरुको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२. यस नगरकार्यपालिकाको कार्यालयले तोकेको शुल्क संकलन गर्ने र रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्ने छ ।कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिने छ।

१३.राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी नदिजन्य पदार्थको बिक्रि शुल्क संकलन गर्न पाईनेछैन।

१४.ठेकेदारले नगरपालिकाको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचय पत्र लगाई मात्र संकलन कार्यगराउनु पर्नेछ ।

१५. भीरकोट नगरपालिका कार्यालय बयरघारी स्याङ्जा सँग ठेक्का सम्झौता गरेका ठेकदारले IEE नभएको स्थानबाट ढुंगा, गिट्टी, बालुवा, ग्रावेल, भरान माटो संकलन उत्खनन कसैले गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको सुरक्षा निकायको सहयोग लिई आवश्यक कारवाही गर्नुपर्नेछ ।

दुर्गराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

१६. ढुंगा, गिट्टी, बालुवा, ग्रावेल, भरान माटो झिक्नु पर्ने घाटगद्धी स्थल सम्म जना आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नो तर्फबाट गर्नुपर्ने छ । ढुंगा ,बालुवा , ग्राभेल,गिट्टी, भरान, माटो लिन कुनै व्यक्ति वा निकायको निजि जग्गा वा बन क्षेत्र भित्र जानपर्ने भएमा सम्बंधितको स्विकृति लिने कार्य स्वयं ठेकेदारले नै गर्नुपर्ने छ ।

१७. नदीको किनार बाट भू-क्षय हुने गरि डिल,भिर, भित्तो खन्न खोरस गरि ढुंगा, गिट्टी, बालुवा, ग्रावेल, भरान निकाल्न रोक लगाउनु पर्ने छ ।त्यसरी निकालेको पाईएमा उक्त कार्य गर्ने ढुवानी साधनहरुलाई आवश्यक कारवाहीका लागि पठाउन ठेकेदार पक्षले पहल गर्नुपर्नेछ ।

१८. राजमार्ग र पुलको उत्तर दक्षिण ५०० मिटर भित्र ढुंगा, गिट्टी, बालुवा, ग्रावेल, भरान माटो आदि निकाल्न नियमानुसार रोक लागेको हुनाले उक्त स्थान बाट नदिजन्य पदार्थ संकलन उत्खनन गर्न पाइनेछैन ।

१९.नदिखोला को घाट वा आकृति बिग्रिने गरि नदि किनारमा प्राकृतिक तवरले रहेका ढुंगा तोड्न वा फोड्न पाइने छैन ।

२०. भिजेको नदिजन्य पदार्थ ढुवानीमा पूर्ण रोक रोक लगाउनु पर्ने छ । साथै ढुंगा, गिट्टी, बालुवा, ग्रावेल, भरान माटो छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

२१. ठेकेदारले घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्ने छ । साथै ठेकेदारले वस्तु क्षेत्रमा ध्वनि प्रदुषण नहुने गरि ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२२.ठेकदारले कामदारहरुका लागि प्राथमिक उपचार साथै माक्स हेल्मेट आदिको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनु पर्नेछ ।

२३.ठेकेदारले प्रत्येक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै सोहि समयमा कार्यालयबाट प्रमाणित गरि लागेको प्रयोग भएका अर्ध कट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ ।

२४.ठेकेदारले नदिजन्य पदार्थ संलकन तथा उत्खनन हुने घाटगद्धी स्थल सम्बन्धिका खर्चहरु स्वयं आफैले व्यहोर्नु पर्नेछ ।

२५. बिहान सुर्य उदय भन्दा अगाडी र साझ सुर्य अस्त भन्दा पछाडी ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाइने छैन । यसरी नियम बिपरित गएका ढुवानी साधनहरुलाई कानुन वमोजिम कारवाही गरिनेछ।

२६. खोला र नदीको घाटगद्धी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी ( साईन बोर्ड ) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरि आफ्नै खर्चमा राख्नु पर्नेछ ।

२७. नेपाल सरकारले बिक्रि शुल्क छुटका लागि गरेका निर्णय वाहेक यस भीरकोट नगरपालिका क्षेत्र भित्र भएर बग्ने नदि खोला बाट नदिजन्य पदार्थ उत्खनन संकलन गरे वापत नगरपालिकाको नदिजन्य पदार्थ बिक्रि शुल्क सबैले तिर्नुपर्ने छ । कसैले नगरपालिकाको नदिजन्य पदार्थ बिक्रि शुल्क तिर्न अटेर गरेमा कानुन अनुसार कारवाही गरिने छ ।

२८.नगरपालिकाबाट गरिएको IEE प्रतिवेदनमा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदिजन्य पदार्थ उत्खनन संकलन गर्न पाउने छैनन। यसरी घाटगद्धी नतोकिएको स्थानबाट उत्खनन संकलन गरेको पाइएमा नगरपालिकाबाट तोकिएको जरिवाना गरिनुका साथै नदिजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिने छ ।

२९.यस सुचनामा उल्लेख भएका सर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छ ।

३०.IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार भीरकोट नगरपालिकामा सुरक्षित रहने छन।

३१.यस सूचना उल्लेख भएको विषय यसै सूचना वमोजिम र यस सुचनामा उल्लेख नभएका हकमा प्रचलित ऐन नियम वमोजिम हुनेछन ।

प्रमुख प्रशासकीय अधिकृत

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत